# सुदूरपश्चिम विश्वविद्यालय
## इन्जिनियरिङ्ग संकाय, डीनको कार्यालय
## महेन्द्रनगर, कञ्चनपुर
## बी.ई. (सिभिल, कम्प्यूटर) र बी.आर्किटेक्चर कार्यक्रममा विद्यार्थी भर्ना सम्बन्धी सूचना

सुदूरपश्चिम विश्वविद्यालय इन्जिनियरिङ्ग संकाय अन्तर्गत स्नातक तहमा **बी.ई.(सिभिल,कम्प्यूटर) र बी.आर्किटेक्चर शैक्षिक कार्यक्रममा** शैक्षिक सत्र २०८१/०८२ मा नयाँ विद्यार्थी भर्नाका लागि प्रवेश परीक्षा सञ्चालन गरिने भएकोले भर्ना हुन चाहने ईच्छुक विद्यार्थीहरुबाट अनलाईन माध्यमबाट आवेदन माग गरिएको छ।

**क) सिट संख्या :** बी.ई. सिभिल कार्यक्रम ४८ (छात्रवृत्ति –२४, पूर्ण शुल्किय –२४)
बी.ई. कम्प्यूटर कार्यक्रम ४८ (छात्रवृत्ति –२४, पूर्ण शुल्किय –२४)
बी.आर्किटेक्चर ४८ (छात्रवृत्ति –२४, पूर्ण शुल्किय –२४)

**ख) फाराम भर्ने मिति :** २०८१/०४/२३ देखि २०८१/०५/२५ सम्म

**ग) फाराम भर्ने विधि :**सुदूरपश्चिम विश्वविद्यालयको वेबसाईट www.fwu.edu.np मा Engineering Admission Open मा लगईन गरी भर्न सकिने ।

**घ) फाराम भर्ने अन्तिम मिति :** २०८१/०५/२५ गते सम्म ।

**ङ) प्रवेश परीक्षा मिति र समय :** २०८१/०५/२९ गते विहान १०:०० बजे देखि

**च) प्रवेश परीक्षा हुने स्थान :** सु.प.वि.स्कुल अफ इन्जिनियरिङ्ग, केन्द्रीय क्याम्पस, महेन्द्रनगर ।

**छ) प्रवेश परीक्षा शुल्क :** रु.२,५००/-(अक्षरेपी दुई हजार पाँच सय मात्र) रकम ***FWU Department of Civil Engineering*** को नेपाल बैंक लिमिटेड महेन्द्रनगर शाखामा रहेको चल्ति हि.नं.१५६००१०६५२६३४८००००६ मा जम्मा गरी सक्कल बैंक भौचर अपलोड गर्ने ।

**ज) आवेदनका लागि न्यूनतम योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट राष्ट्रिय परीक्षा बोर्डको माध्यमिक तहको कक्षा १२ वा ईन्जिनियरिङ्ग डिप्लोमा वा A Level वा सो सरहको परीक्षामा भौतिक शास्त्र, रसायन शास्त्र र गणित विषय लिई कुल पूर्णाङ्कको कम्तीमा ४५% वा लेटर ग्रेडिङ प्रणालीमा सिजिपिए २ (४ को स्केलमा) ल्याएको हुनुपर्ने । भौतिक शास्त्र, रसायन शास्त्र र गणित प्रत्येक विषयमा ४५ प्रतिशत वा लेटर ग्रेडिङ भएमा न्यूनतम C ग्रेड वा A Level भएमा कम्तिमा पनि D ग्रेड हुनुपर्ने र अन्य बिषयको हकमा C ग्रेड नभएता पनि उत्तीर्ण भएका विद्यार्थीहरुले आवेदन दिई प्रवेश परीक्षामा सहभागी हुन पाउने छन् ।

**झ) अनलाईन आवेदन फाराम भर्दा अपलोड गर्नुपर्ने कागजातहरु :**

- नेपाली नागरिकता प्रमाणपत्र, हालसालै खिचिएको पासपोर्ट साईजको पूर्ण निधार देखिने Plain Background भएको रङ्गिन फोटो थान –१
- SEE वा सो सरहको परीक्षाको मार्कशिट, प्रोविजनल प्रमाण पत्र, स्थानान्तरण प्रमाण पत्र र चारित्रिक प्रमाणपत्र
- १०+२ वा सो सरहको परीक्षाको Transcript, प्रोविजनल प्रमाण पत्र, स्थानान्तरण प्रमाण पत्र र चारित्रिक प्रमाणपत्र
- समावेशी तर्फको छात्रवृत्तीमा आवेदन गर्ने परीक्षार्थीले सम्बन्धित समूहको प्रमाणित आवश्यक कागजात अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । आवश्यक कागजातको अभाव भएमा छात्रवृत्ति पाईने छैन ।
- बैंक खाताको चल्ति हि.नं.१५६००१०६५२६३४८००००६ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर ।

ञ) प्रवेशपत्र वितरण प्रवेश परीक्षाकै दिन सु.प.वि.केन्द्रीय क्याम्पसमा बिहान ७:०० देखि ९:३० बजेसम्म बितरण गरिनेछ । विद्यार्थीले प्रवेशपत्र लिन आउदा नागरीकता प्रमाण पत्रको सक्कल र अनलाईन फाराम भर्दा अपलोड गरेको सक्कल बैंक भौचर र अपलोड गरेका अन्य आवश्यक कागजातहरुको १/१ प्रति छायाकपि र भर्ना फाराम अनिवार्य रुपमा लिई आउनु पर्नेछ । साथै भर्ना हुँदा सम्पूर्ण प्रमाणपत्रहरुको सक्कल अनिवार्य रुपमा पेस गर्नुपर्नेछ । कक्षा सञ्चालन दिवा सत्र (Day Shift) को समयमा हुनेछ ।

थप जानकारीका लागि सु.प.वि.स्कुल अफ इन्जिनियरिङ्ग, केन्द्रिय क्याम्पस, महेन्द्रनगरको फोन नं. ०९९-५२०२९६ वा इन्जिनियरिङ्ग संकायको Website: www.facultyengineering.fwu.edu.np बाट प्राप्त गर्न सकिने छ ।

नोटः प्रवेश परीक्षाको समयमा प्रवेश परीक्षामा सहभागि भएका विद्यार्थीहरुले कुनै पनि अवांछित कार्य गरेको वा गराईएको पाईएमा त्यस्ता विद्यार्थीको प्रवेश परीक्षा स्वतः रद्ध गरिनुका साथै नियमानुसार कानुनी कारवाही समेत भैजाने ब्यहोरा समेत जानकारी गरिन्छ ।